# न्याय परिषद् बुलेटिन

पौष ३, २०५८



# न्याय परिषद् बुलेटिन

पौष ३, २०५८


**प्रकाशक**

न्याय परिषद् सचिवालय,

सर्वोच्च अदालत भवन, रामशाहपथ, काठमाण्डौं

# न्याय परिषद्का वर्तमान पदाधिकारीज्यूहरु



सम्माननीय अध्यक्ष
केशवप्रसाद उपाध्याय



माननीय सदस्य
लक्ष्मणप्रसाद अर्याल



माननीय सदस्य
नरेन्द्र विक्रम नेम्वाङ



माननीय सदस्य
हिरण्यश्वरमान प्रधान



माननीय सदस्य
केदारनाथ उपाध्याय



सचिव
काशीराज दाहाल

## मन्तव्य

स्वतन्त्र र सक्षम न्याय प्रणाली प्रजातान्त्रिक राज्य व्यवस्थाको आधारशिला हो । स्वतन्त्र एवम् सक्षम न्याय प्रणालीलाई नेपाल अधिराज्यको संविधान, २०४७ ले आत्मसात गरि कानूनी राज्यको अवधारणालाई साकार पार्न न्यायाधीशहरुको नियुक्ति, सरुवा, अनुशासन सम्वन्धी कारवाही, वर्खासी र न्याय प्रशासन सम्वन्धी अन्य कुराहरुको सिफारिस एवम् परामर्श दिन न्याय परिषद्को व्यवस्था गरेको छ । न्याय परिषद् संविधानव्दारा तोकिएका जिम्मेवारीहरु पूरा गर्दै आफ्नो स्थापना कालको १२ औं वर्षमा प्रवेश गरेको छ । यस अवधिमा न्याय परिषद्ले गरेका मूलभूत काम कारवाही एवम् गतिविधिहरु, न्यायाधीशहरुको वैयक्तिक विवरण लगायतका विविध विषयहरु समेटी वुलेटिन प्रकाशित गर्न लागेकोमा मलाई सुखद् अनुभूति भएको छ । न्याय परिषद्को काम कारवाहीलाई पारदर्शी तुल्याउँदै लैजाने प्रयास स्वरुप भएको यस प्रकाशनवाट न्यायाधीशहरु, कानून व्यवसायीहरु, नेपाल न्याय सेवाका कर्मचारीहरु एवम् नेपालको न्याय प्रशासनप्रति चासो राख्ने सवैका लागि यो वुलेटिन सूचनामूलक र उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा वुलेटिनको प्रकाशन गर्ने कार्यमा मेहनतका साथ संलग्न रहनु भएका न्याय परिषद्का सचिव श्री काशीराज दाहाल र न्याय परिषद् सचिवालयका अन्य कर्मचारीहरुलाई धन्यवाद दिंदै प्रकाशनको निरन्तरताको निम्ति शुभ-कामना व्यक्त गर्दछु ।

धन्यवाद !

पौष ३, २०५८

(केशव प्रसाद उपाध्याय)
प्रधान न्यायाधीश
एवम्
अध्यक्ष
न्याय परिषद् ।

# भूमिका

संविधान एवम् कानूनव्दारा प्रदत्त अधिकारको स्वतन्त्र एवम् सक्षम न्यायपालिकाबाट प्रभावकारी उपचार पाउने अधिकारलाई राज्यव्दारा सुनिश्चित गरिनुपर्ने कुरालाई आधुनिक प्रजातान्त्रिक राज्यव्यवस्थाले आत्मसात गरेको मान्यता हो । यही मान्यतालाई आत्मसात गरि नेपाल अधिराज्यको संविधान, २०४७ ले स्वतन्त्र एवम् सक्षम न्याय प्रणालीलाई संविधानको अपरिवर्तनीय आधारभूत संरचनाको रुपमा स्वीकार गरेको छ । संविधानले मानव अधिकारको प्रत्याभूति, कानूनी राज्यको सुनिश्चितता, संविधानको सर्वोच्चता, स्वतन्त्र र सक्षम न्यायपालिकाको आधारभूत संरचना जस्ता व्यवस्थाहरुको प्रत्याभूतिव्दारा नागरिक अधिकारको संरक्षण गर्ने प्रतिवद्धता व्यक्त गरेको छ। यसै प्रतिवद्धतालाई साकार पार्न स्वतन्त्र न्यायपालिकाको संरचनागत निर्माण र संस्थागत विकासका निम्ति न्यायाधीशहरुको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारवाही, बर्खासी र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरुको सिफारिस एवम् परामर्श न्याय परिपद्‌बाट हुने संवैधानिक व्यवस्था रहेको छ, जो स्वतन्त्र न्यायपालिकाको विकासको निम्ति अनुकरणीय बन्दै गएको छ । न्याय परिपद् सचिवालयको व्यवस्था एवम् कार्यपद्धतीको निर्धारण न्याय परिपद् ऐन, २०४७ बाट भएको छ । न्याय परिपद्‌को सचिव नै न्याय सेवा आयोगको पनि पदेन सचिव रहने व्यवस्था भएको कारण न्याय परिपद् सचिवालय नै न्याय सेवा आयोगको पनि संयुक्त सचिवालयको रुपमा रहेको छ । न्याय परिपद् तथा न्याय सेवा आयोगका निर्णयहरुको कार्यान्वयन तथा कानूनव्दारा निर्दिष्ट गरेका कामहरु यस सचिवालयले सम्पादन गर्नुपर्ने जिम्मेवारी रहेको छ ।

वि.सं.२०४७ साल कार्तिक २३ गते नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएपछि २०४७ साल पौष ३ गते न्याय परिपद्‌को पहिलो बैठक बसी न्याय परिपद् सचिवालयको स्थापना गर्ने निर्णय भएको हो । यस अर्थमा पौष ३ गतेको दिन न्याय परिपद्‌को निम्ति ऐतिहासिक दिन रहेको संस्मरण गरि न्याय परिपद् सचिवालयले न्याय परिपद्‌को काम कारवाहीलाई पारदर्शी बनाउन सूचना प्रवाहको निम्ति बुलेटिन प्रकाशन कार्यको थालनी गरेको छ । बुलेटिनको यस प्रथम अंकमा विशेष गरी न्याय परिपद्, न्याय सेवा आयोग, न्याय परिषद् सचिवालयको संक्षिप्त परिचय, न्यायाधीशहरुको संक्षिप्त बैयक्तिक विवरण तथा नेपाल न्याय सेवाको राजपत्रांकित कर्मचारीको दरबन्दी विवरण, न्याय परिपद्‌का आर्थिक वर्ष २०५७।५८ का गतिविधि, न्याय सेवा आयोगका गतिविधि, न्याय परिपद्‌को एक दशकको समीक्षा लगायतका सूचनामूलक सामग्रीहरुलाई समावेश गरिएको छ । आगामी अंकहरुमा थप सूचनामूलक सामग्रीहरु समावेश गर्दै बुलेटिन प्रकाशन कार्यलाई निरन्तरता दिइनेछ ।

बुलेटिन प्रकाशन गर्न हौसला प्रदान गर्नु भएकोमा सम्माननीय प्रधान न्यायाधीशज्यू एवम् न्याय परिपद्‌का सदस्यज्यूहरुप्रति आभार व्यक्त गर्दछु । यसै गरि बुलेटिन प्रकाशन गर्न मेहनतका साथ संलग्न यस सचिवालयका सह-सचिव श्री प्रकाश कुमार ढुंगाना, उपसचिव श्री कैलाश के.सी., शाखा अधिकृतहरु श्री उमेश प्रसाद लुईंटेल र श्री खेमराज ज्ञवाली, नायब सुब्बाहरु श्री रमेश पुरी र श्री चिरण प्रसाद पराजुली, कम्प्यूटर अपरेटरहरु श्री जुजुभाई तण्डुकार र श्री बच्चुराम थापा मगर तथा टंक प्रसाद निरौलालाई धन्यवाद दिन चाहन्छु । बुलेटिनलाई यस रुपमा ल्याउन अथक प्रयास गर्नु हुने शाखा अधिकृत श्री दुर्गा प्रसाद ढुंगेललाई विशेष धन्यवाद दिन चाहन्छु । अन्तमा प्रस्तुत प्रकाशनबाट न्याय परिपद् एवम् न्याय सेवा आयोगको काम कारवाहीलाई पारदर्शी तुल्याउँदै लैजाने कार्यमा सहयोग पुग्ने आशा एवम् विश्वासका साथ सम्बन्धित सबैबाट रचनात्मक सुझाव र सल्लाहको अपेक्षा गर्दछु ।

धन्यवाद !

पौष ३, २०५८

12.12.13.3.14

( काशीराज दाहाल )
सचिव
न्याय परिषद्

# न्याय परिषद् बुलेटिन

वर्ष १, अंक १, पौष ३, २०५८

## यसभित्र

न्याय परिषद् र न्याय सेवा आयोगको संवैधानिक स्थिति र गतिविधि

परिच्छेद - एक | पृष्ठ

क.न्याय परिषद् र न्याय सेवा आयोगको संवैधानिक स्थिति ............... १
ख.न्याय परिषद् सचिवालय........................................................ २
ग.न्याय परिषद्को गतिविधि........................................................ ३
घ.न्याय सेवा आयोगको गतिविधि.................................................. ८

न्यायाधीशहरुको संक्षिप्त वैयक्तिक विवरण

परिच्छेद - दुई

क.सर्वोच्च अदालतका न्यायाधीशहरुको विवरण................................ ११
ख.पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरुको विवरण..................... १२
ग.पुनरावेदन अदालतका न्यायाधीशहरुको विवरण............................... १३
घ. पुनरावेदन अदालतका अतिरिक्त न्यायाधीशहरुको विवरण................ १६
ङ. जिल्ला न्यायाधीशहरुको विवरण................................................ १७

परिच्छेद - तीन

आलेख ...न्याय परिषद्को एक दशक................काशीराज दाहाल....... २३

अनुसूची -

□

# परिच्छेद - एक

## न्याय परिषद् र न्याय सेवा आयोग सम्बन्धी संवैधानिक व्यवस्था

### क.न्याय परिषद्

*९३. न्याय परिषद् : यस संविधान बमोजिम न्यायाधीशहरुको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारवाई, वर्खासी र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरुको सिफारिस गर्न वा परामर्श दिन एउटा न्याय परिषद् रहने छ जसमा देहाय बमोजिम अध्यक्ष र सदस्यहरु हुनेछन् ।*

*(क) प्रधान न्यायाधीश पदेन अध्यक्ष;*

*(ख) न्याय मन्त्री पदेन सदस्य;*

*(ग) वरिष्ठताको क्रमानुसार सर्वोच्च अदालतका दुई वरिष्ठ न्यायाधीशहरु पदेन सदस्य; र*

*(घ) श्री ५ वाट तोकिवक्सेको कुनै विशिष्ट कानूनविद् सदस्य ।*

*(२) उपधारा (१) मा जे सुकै लेखिएको भए तापनि न्याय परिषद्को सदस्य रहेको कुनै न्यायाधीशसंग सम्बन्धीत कुनै विषयमा विचार गर्न वा श्री ५ समक्ष कुनै सिफारिस गर्न परेमा न्याय परिषदमा सो न्यायाधीशको सट्टा वरिष्ठताको क्रममा निज भन्दा पछिको वरिष्ठ न्यायाधीशले सदस्यको रुपमा भाग लिनेछ ।*

*(३) उपधारा (१) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधी र सुविधा श्री ५ बाट तोकिबक्से बमोजिम हुनेछ ।*

*(४) उपधारा (१) मा लेखिए देखि बाहेक न्याय परिषद्को अन्य अधिकार र कर्तव्य कानूनव्दारा तोकिए वमोजिम हुनेछ ।*

*(५) न्याय परिषद्ले आफ्नो कार्यविधि नियमित गर्न नियम वनाउन सक्नेछ । यस्तो नियम श्री ५ वाट स्वीकृत भएपछि लागू हुनेछ ।*

न्यायाधीशहरुको नियुक्ति, सरुवा र अनुशासन सम्बन्धी कारवाही, वर्खासी र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरुको सिफारिस गर्न नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९३ ले न्याय परिपद्को व्यवस्था गरेको छ । प्रधान न्यायाधीशको अध्यक्षता रहने यस परिपद्का सदस्यहरुमा न्याय मन्त्री, सर्वोच्च अदालतका दुई जना वरिष्ठ न्यायाधीशहरु तथा श्री ५ वाट मनोनित एकजना विशिष्ट कानूनविद् रहने व्यवस्था रहेको छ । न्याय परिपद्ले न्यायाधीशहरुको नियुक्ति, सरुवा, अनुशासन सम्वन्धी कारवाही र वर्खासी, न्यायाधीशहरु विरुद्धका उजूरी तथा शिकायतहरु सुन्ने, आवश्यकता अनुसार समिति समेत गठन गरी छानवीन गर्ने, न्यायाधीशलाई अनुसन्धानको काम एवम् निर्वाचनको काममा लगाउन सिफारिस समेत गर्दछ । न्यायाधीशहरुको नियुक्ति, सरुवा र वर्खासीको सिफारिसका अतिरिक्त यसले नेपालको न्याय प्रशासनको अन्य विविध विपयमा सिफारिस गर्दछ । न्याय प्रशासन ऐन, २०४८ को दफा ५क. अनुसार निश्चित अवधिको लागि पुनरावेदन अदालतको अस्थायी इजलास स्थापना गर्ने सम्वन्धमा सिफारिस समेत गर्ने र न्यायाधीश वन्न योग्यता पुगेका व्यक्तिहरुको अद्यावधिक विवरण पनि राख्ने गर्दछ ।

न्यायाधीशहरुको वैयक्तिक विवरणहरु समेत राख्ने भएकोले परिपद्लाई न्यायिक सूचना केन्द्र **(Judicial Information Bank)** को रुपमा पनि लिन सकिन्छ । यसले न्यायाधीशहरुको क्षमता तथा दक्षता विकास गराउन कार्यशाला, गोष्ठी, सेमिनार, अन्तर्क्रिया, प्रशिक्षण जस्ता कार्यक्रमहरु पनि सचिवालय मार्फत सञ्चालन गर्ने गर्दछ । न्याय परिपद्को निर्णयहरुको कार्यान्वयन यसको सचिवालय मार्फत हुने गर्दछ ।

सचिवालयको प्रशासकिय प्रमुखको रुपमा न्याय परिपद्को सिफारिसमा श्री ५ वाट नियुक्त एक सचिव रहने व्यवस्था रहेको छ ।

हाल न्याय परिपद्का अध्यक्ष सम्माननीय प्रधान न्यायाधीश श्री केशव प्रसाद उपाध्याय तथा सदस्यहरुमा माननीय न्याय मन्त्री श्री नरेन्द्र विक्रम नेम्वाङ, सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु श्री लक्ष्मण प्रसाद अर्याल, श्री केदारनाथ उपाध्याय, कानूनविद् सदस्य श्री हिरण्येश्वरमान प्रधान र सचिव श्री काशीराज दाहाल हुनु हुन्छ ।

## ख.न्याय सेवा आयोग

९४. न्याय सेवा आयोग : *(१) श्री ५ को सरकारले कानून बमोजिम न्याय सेवाको राजपत्रांकित पदमा नियुक्ति, सरुवा, बढुवा गर्दा वा त्यस्तो पदमा बहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा न्याय सेवा आयोगको सिफारिस अनुसार गर्नेछ ।*

*तर सरकारी सेवामा बहाल नरहेको व्यक्तिलाई न्याय सेवाको राजपत्रांकित पदमा नयाँ भर्नाव्दारा स्थायी नियुक्ति गर्दा वा न्याय सेवाको राजपत्र अनंकित पदबाट न्याय सेवाको राजपत्रांकित पदमा बढुवा गर्दा श्री ५ को सरकारले लोक सेवा आयोगसंग परामर्श लिनु पर्नेछ ।*

*(२) न्याय सेवा आयोगमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु हुनेछन् :-*

*(क) प्रधान न्यायाधीश पदेन अध्यक्ष;*

*(ख) न्यायमन्त्री पदेन सदस्य;*

*(ग) सर्वोच्च अदालतको वरिष्ठ न्यायाधीश पदेन सदस्य;*

*(घ) लोक सेवा आयोगको अध्यक्ष पदेन सदस्य; र*

*(ङ) महान्यायाधिवक्ता पदेन सदस्य ।*

*(३) न्याय सेवा आयोगको अन्य अधिकार, कर्तव्य र कार्यविधि कानूनव्दारा निर्धारित भए बमोजिम हुनेछ ।*

नेपाल न्याय सेवाको राजपत्रांकित अधिकृतहरुको नियुक्ति, सरुवा र बढुवा तथा विभागीय सजाय समेतको सिफारिस गर्ने सवैधानिक अङ्गको रुपमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९४ ले न्याय सेवा आयोगको व्यवस्था गरेको छ । न्याय सेवा आयोगले नेपाल न्याय सेवाका राजपत्राकिंत द्वितीय श्रेणी र राजपत्राङ्कित प्रथम श्रेणीमा कार्यसम्पादन मूल्यांकनको आधारमा बढुवा गर्दछ । यस्तै गरी प्रतिशत निर्धारणको आधारमा राजपत्रांकित द्वितीय श्रेणीको लागि आन्तरिक प्रतियोगितात्मक परीक्षा तथा राजपत्रांकित प्रथम श्रेणीको लागि अन्तरसेवा प्रतिस्पर्धात्मक परीक्षाहरु पनि सञ्चालन गर्दछ । त्यस्ता परीक्षाहरु सञ्चालन गर्न आवश्यक पाठ्यक्रमको तर्जुमा, प्रश्न पत्र बैंक **(Question Bank)** को व्यवस्था गर्ने समेतको काम गर्ने गर्दछ । यसै गरी नेपाल न्याय सेवाका अधिकृत कर्मचारीहरुको सेवा सम्वन्धी सम्पूर्ण विवरणहरु न्याय सेवा आयोगले राख्ने भएकोले नेपाल न्याय सेवाका अधिकृत कर्मचारीहरुको सूचना केन्द्रको रुपमा समेत न्याय सेवा आयोग रहेको छ । न्याय सेवा आयोगका निर्णयहरुको कार्यान्वयन सचिवालय मार्फत हुने गर्दछ । न्याय परिपद्को सचिव नै न्याय सेवा आयोगको पदेन सचिव हुने व्यवस्था छ ।

## ग.न्याय परिषद् सचिवालय

न्याय परिपद् ऐन, २०४७ को दफा १२ मा न्याय परिपद्को एउटा छुट्टै कार्यालय हुने व्यवस्था भए वमोजिम न्याय परिपद्को कार्यालयको रुपमा न्याय परिपद् सचिवालय रहेको छ । प्रशासनिक सुगमताको दृष्टिले यस सचिवालयलाई न्याय परिपद् र न्याय सेवा आयोगको संयुक्त सचिवालय बनाइएको छ । यी दुवै अङ्गको निर्णय कार्यान्वयन यसै सचिवालय मार्फत हुने गर्दछ । सचिवालयमा प्रशासकिय प्रमुखको रुपमा न्याय

परिषद्का सचिव रहने व्यवस्था रहेको छ । हाल यो सचिवालय सर्वोच्च अदालत भवन, काठमाण्डौमा रहेको छ ।

यस सचिवालयमा न्यायाधीशहरु तथा नेपाल न्याय सेवाका राजपत्राकिंत अधिकृत कर्मचारीहरुको सेवा सम्वन्धी सम्पूर्ण विवरणहरु अद्यावधिक रुपमा राख्ने गरिन्छ । यस्तै गरी यस सचिवालयले न्यायाधीश वन्न योग्यता पुगेका व्यक्तिहरुको विवरणहरु समेत अद्यावधिक रुपमा राख्ने गर्दछ । न्यायाधीशहरु विरुद्ध परेका उजूरीहरुको प्रारम्भिक जाँचबुझ गर्ने, न्यायाधीशहरुको क्षमता विकासका लागि गोष्ठी, सेमिनार, पुनर्ताजगी, अन्तर्क्रिया जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने लगायतका कामहरु पनि सचिवालयले गर्ने गर्दछ ।

न्याय परिषद्का सचिव तथा न्याय सेवा आयोगका पदेन सचिवको प्रशासकिय नियन्त्रणमा रहेको यस सचिवालयमा १ जना सचिव, १ जना सहसचिव, २ जना उपसचिव, ३ जना शाखा अधिकृत लगायत जम्मा १८ जना कर्मचारी दरबन्दी रहेको छ । न्याय परिषद् सचिवालयमा कार्यरत कर्मचारीहरुको विवरण अनुसूचीमा दिइएको छ ।

## घ. न्याय परिषद् गतिविधि

- श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेववाट २०५७ साल चैत १० गते न्याय परिषद्को सिफारिसमा श्री काशीराज दाहाललाई न्याय परिषद्को सचिव पदमा नियुक्त गरिबक्स्यो । सचिव श्री दाहालले मिति २०५७ साल चैत १३ गते सम्माननीय प्रधान न्यायाधीश एवम् न्याय परिषद्का अध्यक्ष श्री केशव प्रसाद उपाध्याय समक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गरी आफ्नो कार्यभार सम्हाल्नु भयो । आफ्नो बहालीको दिन सचिव श्री दाहालले न्याय परिषद् र न्याय सेवा आयोगका काम कारवाहीलाई प्रभावकारी एवम् पारदर्शी बनाई न्यायपालिकालाई उर्जा प्रदान गर्न न्याय परिषद्लाई अनुसन्धानमूलक संस्थाको रुपमा विकास गर्दै लैजाने लगायतका दश बूंदे भावी कार्यक्रम पनि प्रस्तुत गर्नुभएको थियो ।
- सर्वोच्च अदालतमा रहेको मुद्दाको चापलाई मध्यनजर राखी सर्वोच्च अदालतमा कायम रहेको अस्थायी न्यायाधीशको संख्या ४ मा २ थप गरि ६ कायम भएको छ । सर्वोच्च अदालतमा रिक्त रहेका र थप भै कायम हुन आएका चार अस्थायी न्यायाधीश पदहरुमा न्याय परिषद्को मिति २०५८।१।६ को सिफारिस बमोजिम पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरु श्री चन्द्र प्रसाद पराजुली र श्री मीन बहादुर रायमाझी एवम् वरिष्ठ अधिवक्ता श्री राम नगीना सिंह र श्री सुशीला सिंह "शिलु" नियुक्त हुनु भएको छ । श्री सुशीला सिंह "शिलु" सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त प्रथम महिला न्यायाधीश वन्नु भएको छ ।
- पुनरावेदन अदालतका अतिरिक्त न्यायाधीश पदमा कार्यरत न्यायाधीशहरु श्री गौरी बहादुर कार्की, श्री राम प्रसाद खनाल, श्री राजेन्द्र प्रसाद राजभण्डारी न्याय परिषद्को मिति २०५८।१।४ को सिफारिसमा पुनरावेदन अदालतको न्यायाधीश पदमा नियुक्त भई क्रमशः पुनरावेदन अदालत जुम्ला, पुनरावेदन अदालत सुर्खेत र पुनरावेदन अदालत दिपायलमा पदस्थापन भएको छ ।
- न्याय परिषद्को मिति २०५८।१।६ को सिफारिस अनुसार पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरु ११ जना, मिति २०५८।१।५ को सिफारिस अनुसार पुनरावेदन अदालतका माननीय न्यायाधीशहरु ५१ जना र मिति २०५७।१२।२९ को सिफारिस अनुसार माननीय जिल्ला न्यायाधीशहरु ७६ जनाको सरुवा भएको छ ।
- न्याय परिषद् सचिवालयको आयोजनामा २०५७ साल पुष ७ गते देखि १० गतेसम्म मध्यमाञ्चल विकास क्षेत्रका जिल्ला न्यायाधीशहरुको चितवनको सौराहामा, २०५७ साल माघ ६ देखि ९ सम्म झापाको कलवलगुडीमा पूर्वाञ्चल विकासक्षेत्रका जिल्ला न्यायाधीशहरुको र २०५७ साल माघ २० देखि २३ गते सम्म रुपन्देहीको बुटवलमा

मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकासक्षेत्रका जिल्ला न्यायाधीशहरुको प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिएको थियो । थुनछेकको आदेश गर्दा ध्यान दिनु पर्ने कुराहरु, न्यायिक अनुशासन, मुद्दाको कार्यबोझ र कार्यविधि कानूनको अनुसरण, फैसला लेखन र फैसला कार्यान्वयन समेतका विषयहरुमा सञ्चालन भएका यी प्रशिक्षण कार्यक्रमहरुमा सम्माननीय प्रधान न्यायाधीश श्री केशव प्रसाद उपाध्याय, सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु श्री लक्ष्मण प्रसाद अर्याल, श्री केदारनाथ उपाध्याय, श्री कृष्णजंग रायमाझी, श्री गोविन्द बहादुर श्रेष्ठ, श्री टोप बहादुर सिंह, श्री गोपाल प्रसाद खत्री तथा पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरु श्री खिलराज रेग्मी, श्री राजेन्द्र कुमार भण्डारीले कार्यपत्रहरु समेत प्रस्तुत गरी श्रोतव्यक्तिको रुपमा रहनु भएको थियो ।

- न्याय परिषद् सचिवालयको आयोजनामा पुनरावेदन अदालतका माननीय न्यायाधीशहरुको क्षमता विकास सम्बन्धी कार्यशाला २०५७ साल फागुन २० र २१ तथा २७ र २८ गरी दुई चरणमा स्थानीय प्रशिक्षण प्रतिष्ठान, ललितपुरमा सञ्चालन भएको थियो । उक्त कार्यक्रमहरुमा न्यायिक अनुशासन, संयुक्त इजलासमा राय निर्माण प्रकृया, बन्दी प्रत्यक्षीकरण, परमादेश र निषेधाज्ञाको क्षेत्राधिकारको प्रयोग, निवेदन प्रतिवेदनको सुनुवाई र आदेश लेखनकला समेतका विषयमा क्रमशः सम्माननीय प्रधान न्यायाधीश श्री केशव प्रसाद उपाध्याय, माननीय न्यायाधीशहरु श्री लक्ष्मण प्रसाद अर्याल, श्री केदारनाथ उपाध्याय र श्री कृष्णजंग रायमाझीले श्रोतव्यक्तिको रुपमा कार्यपत्र पेश गर्नु भएको थियो ।
- "सर्वोच्च अदालतको भूमिका र चुनौतीहरु" विषयक सर्वोच्च अदालतका माननीय न्यायाधीशहरुको दुई दिवसीय अन्तर्क्रिया कार्यक्रम यस सचिवालयको आयोजनामा २०५८ साल वैशाख २९ र ३० गते सर्वोच्च अदालत भवनमा सम्पन्न भयो । सर्वोच्च अदालतको भूमिका, सर्वोच्च अदालतका चुनौतीहरु, मुद्दाको सुनुवाई प्रक्रिया लगायतका विषयमा सञ्चालन भएको उक्त कार्यक्रममा जिल्ला न्यायाधीशहरुको प्रशिक्षण कार्यक्रम र पुनरावेदन अदालतका न्यायाधीशहरुको क्षमता विकास सम्बन्धी कार्यशालाबाट निस्केका निस्कर्षहरु माथी पनि छलफल भई निस्कर्षहरु प्रस्तुत गरिएको र ती निस्कर्षहरु न्याय परिषद् सचिवालयबाट प्रतिवेदनमा पनि प्रकाशित गरि कार्यान्वयन गर्न सम्बन्धित निकायहरुमा लेखि पठाइएको छ ।
- जिल्ला न्यायाधीशको मौजुदा १२० दरबन्दीमा न्याय परिषद्को मिति २०५७।४।२० को निर्णय बमोजिम १५ थप भइ हाल जम्मा जिल्ला न्यायाधीशको दरबन्दी १३५ कायम भएको छ । उक्त थप भएको दरबन्दीमा न्याय परिषद्को मिति २०५८।१।४ को निर्णयानुसार नियुक्तिको सिफारिस भई नियुक्ति तथा पदस्थापन समेत भई सकेको छ । नव नियुक्त १५ जना जिल्ला न्यायाधीशहरुको लागि दुई हप्ते प्रशिक्षण कार्यक्रम न्याय परिषद् सचिवालय र सर्वोच्च अदालतको संयुक्त आयोजनामा २०५८ साल वैशाख १० गते देखि २१ गते सम्म सर्वोच्च अदालत भवनमा सम्पन्न भयो । "न्यायाधीशको आचारसंहिता र न्यायिक अनुशासन" विषयक उक्त प्रशिक्षण कार्यक्रममा न्यायिक अनुशासन, अदालत व्यवस्थापन, न्यायाधीशको पदीय प्रतिष्ठा जस्ता विषयहरुमा सम्माननीय प्रधान न्यायाधीश श्री केशव प्रसाद उपाध्याय, माननीय न्यायाधीशहरु श्री लक्ष्मण प्रसाद अर्याल, श्री केदारनाथ उपाध्याय, श्री कृष्णजंग रायमाझी, श्री गोविन्द बहादुर श्रेष्ठ, श्री हरि प्रसाद शर्मा, श्री टोप बहादुर सिंह, श्री ज्ञाइन्द्र बहादुर श्रेष्ठ, न्याय परिषद्का सदस्य श्री हिरण्येश्वरमान प्रधान, न्याय परिषद्का सचिव श्री काशीराज दाहाल र सर्वोच्च अदालतका रजिष्ट्रार श्री श्रीप्रसाद पण्डितले विभिन्न विषयमा प्रशिक्षण दिनु भएको थियो । उक्त कार्यक्रममा राखिएका कतिपय विषयहरुमा श्रोत व्यक्तिको रुपमा जिल्ला न्यायाधीश श्री दीपक कुमार कार्की, नापी विभागका महानिर्देशक बाबुराम आचार्य तथा अधिवक्ता श्री प्रकाश वस्ती समेत रहनु भएको थियो । उक्त कार्यक्रममा रेखा तथा

लेखाका सम्बन्धमा जानकारी दिलाउन श्रोतव्यक्तिका रुपमा रेखा तथा लेखा विशेषज्ञहरु श्री पद्मराज काफ्ले, श्री घनश्याम मुखिया हुनु हुन्थ्यो भने रेखा तथा लेखा विशेषज्ञ श्री केशव बहादुर थापा र श्री विश्वराज पौडेलको पनि उपस्थिति रहेको थियो ।

- सर्वोच्च अदालतबाट माननीय न्यायाधीश श्री उदयराज उपाध्यायले मिति २०५७।५।२३ देखि, श्री राजेन्द्रराज नाख्वाले मिति २०५८।६।३० देखि तथा पुनरावेदन अदालतका माननीय न्यायाधीश श्री कविन्द्रराज काफ्लेले २०५७।७।१५ देखि उमेरको कारणले अवकाश पाउनु भयो भने पुनरावेदन अदालतका माननीय न्यायाधीश श्री बुद्धिकान्त मैनालीले मिति २०५८।८।१८ देखि तथा जिल्ला न्यायाधीश श्री रघुनाथ अर्यालले मिति २०५८।१।५ देखि आफ्नो पदवाट राजिनामा दिई सेवाबाट अलग हुनु भयो ।
- न्याय परिषद् (कार्यविधि) नियमावली, २०५६ अनुसार न्यायाधीशहरुले आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पूर्ण सम्पत्ति विवरण न्याय परिषद्मा पेश गर्नु पर्ने व्यवस्था भए अनुरुप सम्पूर्ण न्यायाधीशहरुको सम्पत्ति विवरण न्याय परिषद् सचिवालयमा दाखिला भएको छ र यसलाई प्रत्येक दुई वर्षमा अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ ।
- न्याय परिषद् ऐन, २०४८ अनुसार संविधान बमोजिम न्यायाधीश बन्न योग्यता पुगेका व्यक्तिहरुको अद्यावधिक विवरण न्याय परिषद्ले राख्नुपर्ने व्यवस्था अनुरुप न्यायाधीश बन्न योग्यता पुगेका व्यक्तिहरुको विवरण नेपाल बार एशोसिएसन, कानून व्यवसायी परिषद्, त्रिभुवन विश्वविद्यालय कानून संकाय, सर्वोच्च अदालत, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय तथा महान्यायाधिवक्ताको कार्यालयवाट झिकाई न्याय परिषद् सचिवालयलले अद्यावधिक रुपमा राखेको छ ।
- न्याय परिषद् (कार्यविधि) नियमावली, २०५६ को नियम १८ ले न्यायाधीश हुन योग्यता पुगेका न्याय सेवाका अधिकृत एवम् कानून व्यवसायी तथा प्राध्यापनमा संलग्न कानूनविद्को प्राप्त विवरण एवम् सूचना सम्बन्धमा छानवीन गरी सम्बन्धित निकायहरुसँग समन्वय गर्न न्याय परिषद्का सदस्य एवम् सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री लक्ष्मण प्रसाद अर्यालको अध्यक्षतामा सम्माननीय महान्यायाधिवक्ता, सर्वोच्च अदालतका रजिष्ट्रार, कानून सचिव, नेपाल बार एशोसिएसनका अध्यक्ष, त्रिभुवन विश्वविद्यालय कानून संकायका डीन सदस्य तथा न्याय परिषद्का सचिव सदस्य सचिव रहेको एक समन्वय समिति गठन भएको छ ।
- न्यायाधीशले आफ्नो पदीय कर्तव्य इमान्दारितापूर्वक पालना नगरेको वा खराब आचरणका सम्बन्धमा पर्न आएका उजूरी, टीकाटिप्पणी तथा गुनासोका सम्बन्धमा यस सचिवालयवाट आवश्यक छानवीन भइरहेको तथा ललितपुर जिल्ला अदालतका तत्कालिन जिल्ला न्यायाधीश श्री गोपाल प्रसाद गुरागाईंले पद अनुकूल आचरण नगरेको भन्ने आरोपका सम्बन्धमा छानवीन गरी प्रतिवेदन पेश गर्न सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कृष्णजङ्ग रायमाझीको अध्यक्षतामा एक सदस्यीय जाँचबुझ समिति समेत गठन भई सो समितिबाट जाँचबुझ प्रतिवेदन पेश भई कारवाहीको अवस्थामा रहेको छ ।
- न्याय परिषद् सचिवालय र न्याय सेवा तालिम केन्द्रको संयुक्त आयोजनामा मिति २०५८।३।१५ देखि १६ सम्म 'सार्वजनिक सरोकारको विवाद र सर्वोच्च अदालत' विषयक अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । सम्माननीय प्रधान न्यायाधीश एवम् न्याय परिषद्का अध्यक्ष श्री केशव प्रसाद उपाध्यायले उद्घाटन गर्नु भएको उक्त उद्घाटन कार्यक्रमको सभापतित्व सर्वोच्च अदालतका माननीय न्यायाधीश एवम् न्याय परिषद्का सदस्य श्री लक्ष्मण प्रसाद अर्यालले गर्नु भएको थियो । उक्त उद्घाटन कार्यक्रममा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री श्री महन्थ ठाकुर, सर्वोच्च अदालतका माननीय न्यायाधीश एवम् न्याय परिषद्का सदस्य श्री केदारनाथ उपाध्याय, सम्माननीय महान्यायाधिवक्ता श्री वद्री वहादुर कार्की, न्याय परिषद्का सचिव श्री काशीराज दाहाल,

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव श्री उदय नेपाली श्रेष्ठ तथा न्याय सेवा तालिम केन्द्रकं प्रमुख श्री माधव पौडेलले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो । सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु श्री लक्ष्मण प्रसाद अर्याल, श्री केदारनाथ उपाध्याय तथा श्री कृष्णजंग रायमाझीले कार्यपत्रहरु प्रस्तुत गर्नु भएको उक्त कार्यक्रममा सर्वोच्च अदालतका माननीय न्यायाधीशहरुको सहभागीता रहेको थियो ।

- न्याय परिषद् सचिवालय र जनहित संरक्षण मञ्च (Pro-Public) को संयुक्त आयोजनामा "वातावरण र न्याय" विषयक अन्तरक्रिया कार्यक्रम मिति २०५८ आषाढ ३० देखि श्रावण २ गते सम्म सञ्चालन भएको थियो । त्यस कार्यक्रममा पुनरावेदन र जिल्ला अदालतका गरी जम्मा ३० जना न्यायाधीशहरुको सहभागिता रहेको थियो । सम्माननीय प्रधान न्यायाधीश एवं न्याय परिषद्का अध्यक्ष श्री केशव प्रसाद उपाध्यायज्यूले समुद्घाटन गर्नु भएको उक्त चार दिवसीय कार्यक्रमको उद्घाटन सत्रको अध्यक्षता प्रो. पब्लिकका डा. श्री कृष्ण श्रेष्ठले गर्नु भएको उक्त उद्घाटन कार्यक्रममा न्याय परिषद्का सदस्यहरु मा.न्या. श्री लक्ष्मण प्रसाद अर्याल मा.न्या. श्री केदारनाथ उपाध्याय एवम् न्याय परिषद्का सचिव श्री काशीराज दाहालले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो । उक्त कार्यक्रममा सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु श्री लक्ष्मण प्रसाद अर्याल, श्री केदारनाथ उपाध्याय,श्री कृष्णजंग रायमाझी, श्री गोविन्द वहादुर श्रेष्ठ, श्री हरि प्रसाद शर्मा, श्री टोप बहादुर सिंह, श्री हरिश्चन्द्र प्रसाद उपाध्याय, श्री सुशीला सिंह "शिलु", पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीश श्री खिलराज रेग्मी, पुनरावेदन अदालतका माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ, सर्वोच्च अदालतका रजिष्ट्रार श्री श्रीप्रसाद पण्डित समेतले कार्यपत्र प्रस्तुती एवम् विभिन्न कार्यपत्र प्रस्तुतीकरण सत्रको अध्यक्षता गर्नु भएको थियो ।
- न्याय परिषद् सचिवालयले न्यायाधीशहरुको क्षमता विकासको लागि आर्थिक वर्ष २०५७।०५८ मा सञ्चालन गरेका कार्यक्रमहरुको पुस्तकको रुपमा प्रकाशित प्रतिवेदन सम्माननीय प्रधान न्यायाधीश एवम् न्याय परिषद्का अध्यक्ष श्री केशव प्रसाद उपाध्यायले मिति २०५८ असार ३ गते एउटा कार्यक्रममा लोकार्पण गर्नु भयो । उक्त प्रतिवेदनमा सर्वोच्च अदालतका माननीय न्यायाधीशहरुको अन्तर्क्रिया कार्यक्रम, पुनरावेदन अदालतका न्यायाधीशहरुको क्षमता विकास सम्बन्धी कार्यशाला र जिल्ला न्यायाधीशहरुको प्रशिक्षण कार्यक्रममा प्रस्तुत भएका कार्यपत्र, सुझाव र निष्कर्षहरु समेत समावेश गरिएको छ ।
- न्याय परिषद् सचिवालय र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम अन्तर्गत लैङ्गिक समताको मूलप्रवाहीकरण कार्यक्रमको संयुक्त आयोजनामा यही मिति २०५८ साल भाद्र १७ गते "फौज्दारी न्याय पद्धति र न्यायमा महिलाको पहुँच" विषयक एक दिवसीय अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । सम्माननीय प्रधान न्यायाधीश एवम् न्याय परिषद्का अध्यक्ष श्री केशव प्रसाद उपाध्यायज्यूले उद्घाटन गर्नुभएको उक्त उद्घाटन कार्यक्रमको सभापतित्व सर्वोच्च अदालतका माननीय न्यायाधीश एवम् न्याय परिषद्का सदस्य श्री लक्ष्मण प्रसाद अर्यालले गर्नु भएको थियो । उक्त कार्यक्रममा सर्वोच्च अदालतका माननीय न्यायाधीश एवम् न्याय परिषद्का सदस्य श्री केदारनाथ उपाध्याय, सम्माननीय महान्यायाधिवक्ता श्री वद्री वहादुर कार्की, न्याय परिषद्का सचिव श्री काशीराज दाहाल, लैङ्गिक समताको मूलप्रवाहीकरण कार्यक्रमका राष्ट्रिय कार्यक्रम निर्देशक इन्दु (पन्त) घिमिरे समेतले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रममा काभ्रेपलाञ्चोक जिल्ला अदालतका न्यायाधीश श्री ठाकुर प्रसाद शर्मा, प्रसूती गृहका निर्देशक डा. सरस्वती पाध्ये, विधिविज्ञान विज्ञ डा. हरिहर वस्तीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । जिल्ला न्यायाधीश, सरकारी वकिल, प्रहरी अधिकृत र चिकित्सकहरुबीच भएको उक्त अन्तरक्रिया कार्यक्रममा काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्ला अदालतका न्यायाधीशहरुको सहभागीता रहेको थियो ।

- "न्यायाधीशहरुको आचरण कायम राख्नमा न्याय परिषद्को भूमिका" विषयक सार्क ल नेपाल च्याप्टरले मिति २०५८ असोज ७ गते आयोजना गरेको एक अन्तर्क्रिया कार्यक्रमको समुद्घाटन सम्माननीय प्रधानन्यायाधीश एवम् न्याय परिषद्का अध्यक्ष श्री केशव प्रसाद उपाध्यायज्यूले गर्नु भएको थियो । सर्वोच्च अदालतका माननीय न्यायाधीश एवम् न्याय परिषद्का सदस्य श्री लक्ष्मण प्रसाद अर्यालले समेत मन्तव्य व्यक्त गर्नु भएको उक्त कार्यक्रमको सभापतित्व सर्वोच्च अदालतका माननीय न्यायाधीश एवं न्याय परिषद्का सदस्य एवम् सार्क ल नेपाल च्याप्टरका अध्यक्ष श्री केदारनाथ उपाध्यायले गर्नु भएको थियो । उक्त कार्यक्रममा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कृष्णजंग रायमाझीले "न्यायाधीशको आचरण कायम राख्नमा न्याय परिषद्को भूमिका" र न्याय परिषद्का सचिव श्री काशीराज दाहालले "न्याय परिषद्को संवैधानिक स्थिति, समस्या र चुनौती" र अधिवक्ता श्री प्रकाश वस्तीले "नेपाल, न्यायपालिका, न्याय परिषद्, न्यायिक आचरण र तहल्का डटकम" विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा सार्क ल नेपाल च्याप्टरका सदस्यहरुको सहभागीता रहेको थियो ।
- श्री ५ महाराजाधिराजबाट २०५८ जेठ १९ गते राति नारायणहिटी राजदरबारमा घटेको दुःखद् घटनाको यथार्थ विवरण जनसमक्ष ल्याउन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९२ बमोजिम प्रधान न्यायाधीशलाई उच्चस्तरीय समितिको अध्यक्षको रुपमा खटाउन परामर्श चाहिबक्से बमोजिम न्याय परिषद्बाट सम्माननीय प्रधान न्यायाधीश श्री केशव प्रसाद उपाध्यायलाई उक्त उच्चस्तरीय समितिको अध्यक्षको रुपमा खटाउन परामर्श र समर्थन प्रदान गरेको थियो ।
- अदालतको भौतिक पूर्वाधार विकास, अदालतमा कार्यरत जनशक्तिको क्षमता विकास एवम् कार्यविधि कानूनको सरलीकरणका सम्बन्धमा सुझाव प्रस्तुत गर्न श्री ५ को सरकारव्दारा न्याय परिषद्का सचिव श्री काशीराज दाहालको अध्यक्षतामा अदालत सुदृढीकरण समिति गठन भएकोमा सो समितिका अध्यक्ष श्री काशीराज दाहालले मिति २०५८ आषाढ २६ गते एक समारोहका बीच कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री श्री महन्थ ठाकुर समक्ष अदालत सुदृढीकरण समितिको प्रतिवेदन, २०५८ प्रस्तुत गर्नुभयो । वहांले सोही समारोहमा महान्यायाधिवक्ताको कार्यालय र सो अन्तर्गतका सरकारी वकिल कार्यालयको भौतिक पूर्वाधार विकास एवम् क्षमता विकास सम्बन्धमा समेत तयार गरिएको सुझाव प्रतिवेदन, २०५८ पनि प्रस्तुत गर्नु भएको थियो । यसैगरी समितिका अध्यक्ष न्याय परिषद्का सचिव काशीराज दाहालले सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरुको उपस्थितिमा सम्माननीय प्रधान न्यायाधीश श्री केशव प्रसाद उपाध्याय समक्ष अदालत सुदृढीकरण समितिको प्रतिवेदन, २०५८ को प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सो प्रतिवेदनमा प्रस्ताव गरिएका कुराहरु अध्ययन गरी कार्यान्वयन गर्न सम्माननीय प्रधान न्यायाधीशले सोही समारोहमा सो प्रतिवेदन सर्वोच्च अदालतका रजिष्ट्रारलाई हस्तान्तरण गर्नु भएको थियो ।
- सम्मानित सर्वोच्च अदालतको निर्देशनात्मक आदेश समेतका आधारमा विद्यमान महिला विरुद्धका भेदभावयुक्त कानूनहरुको पुनरावलोकन गरि तत्सम्बन्धमा संशोधन विधेयकको मस्यौदा सहितको प्रतिवेदन श्री ५ को सरकार समक्ष प्रस्तुत गर्न श्री ५ को सरकारव्दारा गठित उच्चस्तरीय समितिको संयोजकको रुपमा काम गर्न श्री ५ को सरकारबाट न्याय परिषद्का सचिव श्री काशीराज दाहाललाई सहमति माग भएकोमा न्याय परिषद्बाट सचिव श्री काशीराज दाहाललाई उक्त समितिको संयोजकको रुपमा काम गर्न सहमती र समर्थन प्रदान भएको छ ।

- श्री ५ महाराजाधिराजबाट सर्वोच्च अदालतका अस्थायी न्यायाधीश श्री ज्ञाइन्द्र बहादुर श्रेष्ठलाई न्याय परिषद्को मिति २०५८।८।६ को सिफारिस अनुसार सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त गरिबक्सेको छ ।

## घ. न्याय सेवा आयोगका गतिविधि

- नेपाल न्याय सेवाको न्याय समूह अन्तर्गत राजपत्राङ्कित प्रथम श्रेणीमा रिक्त रहेको पद (२) दुई र द्वितीय श्रेणीमा रिक्त पद (५) पाँच, सरकारी वकिल समूह अन्तर्गत राजपत्राङ्कित प्रथम श्रेणीमा रिक्त पद (१) एक र द्वितीय श्रेणीमा रिक्त (५) पाँच तथा कानून समूह अन्तर्गत राजपत्राङ्कित द्वितीय श्रेणीमा रिक्त पद रिक्त (२) दुई कार्यक्षमताको मूल्याङ्कनव्दारा पूर्ति गर्न यस आयोगबाट २०५७।५।३ गते विज्ञापन भएको थियो । न्याय समुहको प्रथम श्रेणीमा श्री नारायण प्रसाद पोखरेल र श्री भोजराज शर्मा, सरकारी वकिल समूहको प्रथम श्रेणीमा श्री राजेन्द्र कुमार पोखेल बढुवा भई पदस्थापन भई सक्नुभएको छ भने सरकारी वकिल समूहको द्वितीय श्रेणीमा श्री ओम प्रसाद अर्याल, श्री महेश शर्मा पौडेल, श्री सुरेन्द्र बहादुर थापा र श्री चन्द्र प्रकाश बराल तथा कानून समूहको द्वितीय श्रेणीमा श्री मातृका प्रसाद मरासिनी र श्री सुशील कोइरालाको बढुवा भई पदस्थापन भएको छ ।
- नेपाल न्याय सेवा अन्तर्गत न्याय समूहको राजपत्राङ्कित प्रथम श्रेणीमा रिक्त पद (२) दुई कार्यक्षमताको मूल्याङ्कनव्दारा पूर्ति गर्न यस आयोगबाट मिति २०५७।११।२८ मा विज्ञापन भएकोमा श्री अग्नि प्रसाद थपलिया र लोहित चन्द्र शाह बढुवा हुनु भई वहांहरुको क्रमश: पुनरावेदन अदालत बुटवल र पुनरावेदन अदालत नेपालगञ्जको रजिष्ट्रार पदमा बढुवा पदस्थापन भएको छ । सो को तथा मिति २०५७।५।३ गते विज्ञापन भएको सोही सेवा समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको बढुवा कारवाहीको क्रममा रहेको छ । यस्तै गरी सरकारी वकिल समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको पद रिक्त (१) एक प्रतियोगितात्मक परीक्षाव्दारा पूर्ति गर्ने गरी प्रतिशत निर्धारण भएकोमा सो को लागि आवश्यक तयारी भईरहेको छ ।
- नेपाल न्याय सेवा सरकारी वकिल समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत द्वय श्री राजेश कुमार काफ्ले र श्री ठाकुर प्रसाद शर्मालाई न्याय समूहको सोही सेवा र श्रेणीमा समूह परिवर्तन गर्ने श्री ५ को सरकारको मिति २०५७।१०।२७ निर्णय अनुसार वहाँहरुको समूह परिवर्तन भई पदस्थापन पनि भएकोमा श्री राजेश कुमार काफ्लेको जिल्ला न्यायाधीश पदमा नियुक्ति समेत भई सकेको छ ।
- न्याय परिषद्को सचिव पदमा कार्यरत श्री श्याम कृष्ण कसजू, नायब महान्यायाधिवक्ता पदमा कार्यरत श्री लीला बहादुर बस्नेत र सुश्री शारदा बज्राचार्यले उमेरको कारणले क्रमश: मिति २०५७।११।५, मिति २०५७।१२।१७ र मिति २०५८।५।२९ मा अनिवार्य अवकाश पाई सेवाबाट अलग हुनु भयो भने पुनरावेदन अदालत सुर्खेतको रजिष्ट्रार पदमा कार्यरत न्याय समूह राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत श्री बलदेव शर्मा धिताल सुर्खेतको छैसट्टीमा भएको आक्रमणमा परी मिति २०५७।१०।२१ मा तथा पुनरावेदन सरकारी वकिल कार्यालय, सुर्खेतका सहन्यायाधिवक्ता सरकारी वकिल समूहका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत श्री सत्यनारायण प्रजापति हृदयघातको कारणले मिति २०५८।१।१९ मा स्वर्गारोहण हुनुभएकोले सेवामा रहनु भएन । यसै गरी पुनरावेदन अदालत जनकपुरका रजिष्ट्रार पदमा कार्यरत न्याय समूह राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत श्री शंकर कुमार श्रेष्ठले राजिनामा दिई मिति २०५७।७।१ देखि सेवाबाट अलग हुनु भयो ।

- न्याय सेवा आयोग सचिवालय र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) अन्तर्गतको लैङ्गिक समताको मूलप्रवाहीकरण कार्यक्रमको संयुक्त आयोजनामा मिति २०५८ असार २२ गतेदेखि २४ गतेसम्म "फौज्दारी न्याय सम्पादन र लैङ्गिक संवेदनशीलता" विषयक दुई दिवसीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । प्रधान न्यायाधीश एवं न्याय सेवा आयोगका सम्माननीय अध्यक्ष श्री केशव प्रसाद उपाध्यायवाट समुद्घाटन भएको उक्त कार्यक्रमको उद्घाटन सत्रमा माननीय न्यायाधीश श्री लक्ष्मण प्रसाद अर्याल, सम्माननीय महान्यायधिवक्ता श्री वद्री वहादुर कार्की समेतले मन्तव्य व्यक्त गर्नु भएको थियो । न्याय सेवा आयोगका सचिव श्री काशीराज दाहालको अध्यक्षतामा सम्पन्न समापन सत्रमा प्रमुख अतिथिको रुपमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री केदारनाथ उपाध्याय हुनुहुन्थ्यो । उक्त कार्यक्रममा नेपाल न्याय सेवा अन्तर्गत विभिन्न समूहका २१ जना अधिकृतहरुको सहभागिता रहेको थियो ।

- नेपाल अधिराज्यको महान्यायाधिवक्ताको कार्यालयको सहन्यायाधिवक्ताको पदमा कार्यरत रहनु भएका नेपाल न्याय सेवा राजपत्रांकित प्रथम श्रेणीका अधिकृत श्री लेखनाथ पौडेल श्री ५ को सरकार मन्त्रि परिषद्को मिति २०५८।६।२२ को निर्णय अनुसार निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (२) वमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरि सेवावाट बर्खास्त हुनु भएको छ ।

- न्याय सेवा आयोगको मिति २०५८।३।२० को सिफारिस अनुसार न्याय समूह राजपत्रांकित व्दितीय श्रेणीका १४ जना, सोही सेवा सरकारी वकिल समूह राजपत्रांकित प्रथम श्रेणीका ३ जनाको सरुवा, मिति २०५८।६।१० को निर्णयले न्याय समूहका राजपत्रांकित प्रथम श्रेणीका १ जना अधिकृतको सरुवा र २ जना अधिकृतको पदस्थापन, सोही समूहको राजपत्रांकित व्दितीय श्रेणीका २ जना अधिकृतको सरुवा, सरकारी वकिल समूह र कानून समूहको राजपत्रांकित व्दितीय श्रेणीका क्रमशः ५ जना र २ जना अधिकृतहरुको वढुवा पदस्थापन र सरकारी वकिल समूहको राजपत्रांकित व्दितीय श्रेणीका १ जना अधिकृतको सरुवा सिफारिस भई सरुवा भएको छ । यसैगरि मिति २०५८।६।१७ को निर्णयले न्याय सेवा सरकारी वकिल समूहका राजपत्रांकित प्रथम श्रेणीका ६ जना, व्दितीय श्रेणीका १६ जना र तृतीय श्रेणीका २२ जना अधिकृतहरुको, सोही सेवा कानून समूह अन्तर्गत राजपत्रांकित व्दितीय श्रेणीका ३ जना र तृतीय श्रेणीका ६ जना अधिकृतहरुको तथा सोही सेवा न्याय समूह अन्तर्गत राजपत्रांकित व्दितीय श्रेणीका १५ जना र तृतीय श्रेणीका १३० जना अधिकृतहरुको सरुवा सिफारिस भई सरुवा भएको छ ।

- अदालत व्यवस्थापन समितिको प्रतिवेदन, २०५५ ले सुझाव प्रस्तुत गरेको पृष्ठभूमिमा नेपाल अधिराज्यका सम्पूर्ण जिल्ला अदालतहरुमा राजपत्रांकित अधिकृत स्तरका श्रेस्तेदार लागू गर्ने भन्ने श्री ५ को सरकारको मिति २०५७।११।३० मा निर्णय भएकोले सोही अनुरुप न्याय सेवा आयोगको मिति २०५८।६।१७ को सिफारिस अनुसार अधिराज्य भरिका २२ जिल्ला अदालतहरुमा राजपत्रांकित व्दितीय श्रेणीका र बांकी ५३ जिल्ला अदालतहरुमा राजपत्रांकित तृतीय श्रेणीका अधिकृतहरुलाई श्रेस्तेदार पदमा पदस्थापन गरिएको छ ।

## न्यायाधीशहरुको दरबन्दी सम्बन्धी विवरण

| अदालत | न्यायाधीश दरबन्दी | पूर्ति न्यायाधीश संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|
| सर्वोच्च अदालत | २१* | २० | १ | २०५८।८।२० सम्ममा |
| पुनरावेदन अदालत | ११४+ | ९७ | १७• | |
| जिल्ला अदालत | १३५ | १३४ | १ | |

## अधिकृत कर्मचारीहरुको दरबन्दी सम्बन्धी विवरण

| समूह | कर्मचारी दरबन्दी | पूर्ति कर्मचारी संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|
| न्याय | विशिष्ट - २<br>रा.प.प्रथम - २०<br>रा.प.द्वितीय - ७९<br>रा.प.तृतीय - २०८ | २<br>१९<br>५५<br>१९७ | ०<br>१<br>२४<br>११ | २०५८।८।२० सम्ममा |
| सरकारी वकिल | विशिष्ट - ४<br>रा.प.प्रथम - २५<br>रा.प.द्वितीय - ८६<br>रा.प.तृतीय - १०७ | २<br>२२<br>७६<br>८९ | २<br>३<br>१०<br>१८ | |
| कानून | विशिष्ट - २<br>रा.प.प्रथम - १२<br>रा.प.द्वितीय - ४३<br>रा.प.तृतीय - ४८ | २<br>१२<br>४०<br>४३ | ०<br>०<br>३<br>५ | |

नेपाल न्याय सेवा न्याय समूहमा न्यायाधीश वाहेक राजपत्र अनंकित समेत जम्मा ४,४४४ कर्मचारीको दरबन्दी रहेको देखिन्छ । श्रेणीगत अनुपात हेर्दा राजपत्रांकित कर्मचारीको संख्या कुल कर्मचारी संख्याको ६.७% ,राजपत्र अनंकित कर्मचारीको संख्या ७०.७% र श्रेणी विहीन कर्मचारीको संख्या २१.६% रहेको देखिन्छ ।#

---

* अस्थायी ६ समेत ।

+ अतिरिक्त १८ समेत ।

• एक मुख्य न्यायाधीश, एक न्यायाधीश र १५ अतिरिक्त न्यायाधीश ।

# अदालत सुदृढीकरण समितिको प्रतिवेदन, २०५८ पृष्ठ ९३ ।

# परिच्छेद - दुई

## न्यायाधीशहरुको संक्षिप्त वैयक्तिक विवरण[&]

### क. सम्माननीय प्रधान न्यायाधीश एवं सर्वोच्च अदालतका माननीय न्यायाधीशहरुको विवरण

| क्र.सं. | न्यायाधीशको नाम थर वतन | जन्म मिति | शैक्षिक योग्यता | न्याय सेवा प्रवेश मिति | हालको पदमा नियुक्ति मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सं.प्र.न्या. श्री केशव प्रसाद उपाध्याय, सिराहा । | वि.स.१९९४।८।२० | एम.ए. बी.एल. | २०२०।६।२८ | ०५६।९।१ | संवैधानिक परिषदको सिफारिसमा |
| २ | मा.न्या.श्री लक्ष्मण प्रसाद अर्याल, काठमाडौं । | वि.स.१९९४।२।२२ | एम.ए. वि.एल | २०४८।५।१४[♥] | ०४८।५।१४ | |
| ३ | मा.न्या.श्री केदारनाथ उपाध्याय, महोत्तरी । | वि.स.१९९५।१०।२० | बी.कम. वि.एल. | २०२०।७४ | ०४८।५।१४ | |
| ४ | मा.न्या.श्री कृष्ण जंग रायमाझी, पाल्पा । | सन् १९३८ डिसेम्बर १ | एम. एस्सी बी.एल. | २०३८।४।७[♣] | ०४८।५।१४ | |
| ५ | मा.न्या.श्री गोविन्द बहादुर श्रेष्ठ, पर्सा । | सन् १९४० जनवरी १६ | बी.ए. वि.एल. | २०२०।६।२८ | ०४८।५।१४ | |
| ६ | मा.न्या.श्री अरविन्दनाथ आचार्य, काठमाडौं । | वि.स. १९९५।१।१४ | बी.ए. वि.एल. | २०२०।६।२८ | ०४९।१०।१ | |
| ७ | मा.न्या.श्री हरि प्रसाद शर्मा, दाङ । | वि.स.१९९७।४।१५ | एलएलएम .एम.ए | २०२०।६।२८ | ०५०।१२।१६ | |
| ८ | मा.न्या.श्री कृष्ण कुमार वर्मा काठमाडौं । | वि.स.१९९६।९।२० | वि.एस्सी. वि.एल. | २०४९।१०।१[♦] | ०४९।१०।१ | |
| ९ | मा.न्या.श्री हरिश्चन्द्र प्रसाद उपाध्याय, धनुषा । | सन १९३९ अगष्ट १९ | एम.ए. वि.एल. | २०२२।१।२४ | ०५४।३।१२ | |
| १० | मा.न्या.श्री केदारनाथ आचार्य, काठमाडौं । | वि.सं.१९९४।४।५ | एम.ए. वि.एल. | २०२२।१।२४ | ०५४।१२।६ | |
| ११ | मा.न्या.श्री टोप बहादुर सिंह बांके । | वि.सं.१९९४।६।२५ | बी.ए. वि.एल. | २०४३।३।२५[φ] | ०५५।९।१० | |
| १२ | मा.न्या.श्री भैरव प्रसाद लम्साल, काठमाडौं । | वि.सं.१९९७।२।२१ | एम.ए वि.एल. | २०२३ असोज | ०५५।१२।५ | |
| १३ | मा.न्या.श्री दिलिप कुमार पौडेल, दाङ । | वि.सं.१९९९।६।१८ | एम.ए. वि.एल | २०२२।१२।२१ | ०५६।१२।३ | |

[&] निजामति किताबखानाबाट प्राप्त सिटरोल र न्याय परिषद्मा रहेको अभिलेख अनुसारको विवरण र नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम न्याय परिषद्को सिफारिसमा हालको पदमा नियुक्त भएको मिति र न्याय सेवाको अधिकृत स्तरमा प्रवेश मितिका आधारमा विवरण तयार गरिएको ।

[♥] वि.सं. २०२१ जेठ २१ देखि अधिवक्ता र वि.सं. २०३१ जेठ ३० देखि वरिष्ठ अधिवक्ताको रुपमा कार्यरत रहनु भएको ।

[♣] सन् १९६४ देखि कानून तथा न्यायको क्षेत्रमा कार्यरत रहनु भएको ।

[♦] वि.सं. २०२५ श्रावण २१ गते देखि अधिवक्ता र मिति २०४७।९।१३ देखि वरिष्ठ अधिवक्ताको रुपमा कार्यरत रहनु भएको ।

[φ] वि.सं. २०१७।९।२ देखि अधिवक्ता, २०३०।४।१ देखि कानून विषयमा प्राध्यापनमा संलग्न भई त्रि.वि.वि. कानून संकायको डीन समेतको पदमा कार्यरत रहनु भएको ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | मा.न्या.श्री गोपाल प्रसाद खत्री, झापा । | वि.सं.१९९६।९।१७ | वी.ए. विं.एल. | २०२३।५।६ | ०५७।८।२७ | |
| १५ | मा.न्या.श्री ज्ञाइन्द्र वहादुर श्रेष्ठ, धादिङ । | वि.सं. १९९३।१०।२ | वी.ए. वि.एल. | २०२६।३।९ | २०५८।८।१५ | |
| १६ | अस्थायी मा.न्या.श्री केदार प्रसाद गिरी, महोत्तरी । | वि.सं. २००१।१।२१ | एम.ए. वि.एल. | २०२५।४।३० | ०५६।१।७ | पदाधिकार पु.वे.अ. दिपायल |
| १७ | अस्थायी मा.न्या.श्री चन्द्रप्रसाद पराजुली, भोजपुर । | वि.सं. १९९७।७।२२ | एम.ए. वि.एल. | २०२५।४।३० | ०५८।१।६ | पदाधिकार पु.वे.अ. सुर्खेत |
| १८ | अस्थायी मा.न्या.श्री मीन बहादुर रायमाझी, भोजपुर । | सन् १९४४ डिसेम्बर १२ | एम.ए. वि.एल. | २०२७।२।९ | ०५८।१।६ | पदाधिकार पु.वे.अ महेन्द्रनगर |
| १९ | अस्थायी मा.न्या.श्री राम नगिना सिंह, धनुषा । | वि.स.१९९८।१०।२८ | वि.कम. वि.एल. | २०५८।१।६≠ | ०५८।१।६ | |
| २० | अस्थायी मा.न्या. श्री शुसिला सिंह "सिलु", काठमाडौं । | वि.स.१९९६।११।२२ | वि.ए. वि.एल | २०५८।१।६♠ | ०५८।१।६ | |

## ख. पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरुको विवरण

| क. सं. | न्यायाधीशको नाम थर वतन | जन्म मिति | शैक्षिक योग्यता | न्याय सेवा प्रवेश मिति | हालको पदमा नियुक्ति मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | श्री बलिराम कुमार रौतहट । | वि.सं.२००२।४।३० | वि.एल. वि.ए.(अ) | २०२५।४।३० | २०५२।१२।२३ | |
| २ | श्री राम प्रसाद श्रेष्ठ, पाल्पा । | सन् १९४६ मई ७ | एम.ए. वि.एल. | २०२८।३।२४ | ०५२।१२।२३ | |
| ३ | श्री शारदा प्रसाद पण्डित, तनहुं । | सन् १९४२ डिसेम्बर १५ | एम.ए. विं. एल | २०२७।२।९ | २०५२।१२।२३ | |
| ४ | श्री खिलराज रेग्मी, पाल्पा । | सन् १९४९ मई ३१ | एम.ए वि.एल. | २०२८।११।४ | २०५३।१।१ | |
| ५ | श्रीमती शारदा श्रेष्ठ, ललितपुर । | वि.स २०००।७।१९ | एल.एल. एम. वि.एस्सी | २०२७।२।९ | २०५४।३।१३ | |
| ६ | श्री ध्रुवनाथ उपाध्याय, काठमाडौं । | वि.स १९९७।७।३० | एम.ए. वि.एल. | २०२५।४।३० | २०५४।३।१३ | |
| ७ | श्री अर्जुन प्रसाद सिंह, सप्तरी । | वि.स १९९८।२।९ | वि.ए. वि.एल. | २०२७।२।९ | २०५६।२।७ | |
| ८ | श्री हरिजंग सिजापती, काठमाडौं । | वि.स १९९८।४।३० | वि.ए. वि.एल. | २०२५।४।३० | २०५६।२।७ | |
| ९ | श्री परमानन्द झा, सप्तरी । | सन् १९४५ अप्रिल २० | एलएल.ए म एम.ए | २०२९।९।१३ | २०५६।२।७ | |
| १० | श्री वद्री कुमार वस्नेत, झापा । | सन् १९४१ नोभेम्बर ८ | एम.ए. वि.एल. | २०२४।८।२८ | २०५६।२।७ | |
| ११ | श्री राजेन्द्र कुमार भण्डारी, संखुवासभा । | सन् १९४३ फरबरी ३ | एम.ए. वि.एल. | २०३२।३।३१ | २०५७।२।२० | |

≠ सन् १९६१ देखि कानून र न्याय क्षेत्रमा कार्यरत, वि.सं. २०३० भाद्र १३ देखि वरिष्ठ अधिवक्ताको रुपमा कार्यरत रहनु भएको ।

♠ सन् १९६३ देखि कानून र न्यायको क्षेत्रमा कार्यरत, वि.सं.२०३३।२।१३ देखि वरिष्ठ अधिवक्ताको रुपमा कार्यरत रहनु भएको ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | श्री कृष्ण प्रसाद उपाध्याय, कास्की । | सन् १९४६ 'अगष्ट १० | एम.ए. वि.एल. | २०२७।२।९ | २०५७।२।२० | |

## ग. पुनरावेदन अदालतका मानननीय न्यायाधीशहरुको विवरण

| क्र.सं | न्यायाधीशको नाम थर वतन | जन्म मिति | शैक्षिक योग्यता | न्याय सेवा प्रवेश मिति | हालको पदमा नियुक्ति मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | श्री कामानन्द प्रसाद देव, सप्तरी । | सन् १९४६ फरवरी २ | वि.ए. वि.एल. | २०२७।१२।१२ | २०४८।७।१८ | |
| २. | श्री दीपेन्द्र उपाध्याय, स्याङ्जा | सन् १९४५ फरवरी २५ | एम.ए. वि.एल. | २०२७।३।३० | २०४८।७।१८ | |
| ३. | श्री प्रमोद विजयी, भक्तपुर । | वि.स १९९६।७।९ | एम.ए वि.एल. | २०२५।४।३० | २०४८।७।१८ | |
| ४. | श्री माधवराज थापा, काठमाडौं । | सन् १९४१ जून १६ | एम.ए. वि.एल. | २०२८।११।१७ | २०४८।७।१८ | |
| ५. | श्रीमती गौरी ढकाल, ललितपुर । | वि.स २००३।५।१ | एम.ए वि.एल. | २०२५।४।३० | २०४८।७।१८ | |
| ६. | श्री तप वहादुर मगर, ललितपुर । | सन् १९४६ अगष्ट २९ | वि.ए वि.एल. | २०२७।२।९ | २०४८।७।१८ | |
| ७. | श्री दामोदर प्रसाद शर्मा, काठमाडौं । | सन् १९४९ अक्टोवर १० | एम.ए वि.एल. | २०३०।१२।१ | २०४८।७।१८ | |
| ८. | श्री रमेश झा, सर्लाही । | सन् १९३९ फरवरी २ | एम.ए. वि.एल. | २०२७।२।७ | २०४८।७।१८ | |
| ९. | श्री माधव प्रसाद ओझा, सुनसरी । | वि.सं. २०००।३।२१ | वि.ए. वि.एल. | २०३०।१२।१ | २०४८।७।१८ | |
| १०. | श्री राम कुमार प्रसाद शाह, महोत्तरी । | सन् १९५० जुलाइ ८ | एम.कम. वि.एल. | २०३०।१२।१ | २०४८।७।१८ | |
| ११. | श्री ताहिर अलि अन्सारी,नवलपरासी । | सन् १९४९ अगष्ट १५ | वि.ए. वि.एल. | २०२८।११।४ | २०४८।७।१८ | |
| १२. | श्री दामोदर प्रसाद प्रजापति, भक्तपुर । | वि.स १९९८।११।२ | एम.ए. वि.एल. | २०३४।३।२० | २०४८।७।१८ | |
| १३. | नन्दराज अधिकारी, भोजपुर । | सन् १९४५ जून १० | एम.ए वि.एल. | २०३२।३।३१ | २०४८।७।१८ | |
| १४. | श्री श्याम वहादुर प्रधान, ललितपुर । | वि.स १९९८।४।१९ | एम.ए वि.एल. | २०३०।१२।१ | २०४८।७।१८ | |
| १५. | श्री राजेन्द्र प्रसाद कोइराला, झापा । | वि.सं. २००२।२।१ | वि.ए. वि.एल. | २०३०।१२।१ | २०४८।७।१८ | |
| १६. | श्री कल्याण श्रेष्ठ, वाग्लुङ । | वि.सं. २००८।१।१ | एम.ए. डी.एल. | २०३४।३।२० | २०४८।७।१८ | |
| १७. | श्री ऋषिराज जोशी, काठमाडौं । | सन् १९४८ जुलाई १४ | एम.कम. एल.एल.एम | २०३०।१२।१ | २०४८।७।१८ | |
| १८. | श्री गोविन्द प्रसाद पराजुली, काभ्रेपलान्चोक । | सन् १९४६ मार्च १० | एम.कम. वि.एल. | २०३४।३।२० | २०४८।७।१८ | |
| १९. | श्री प्रेम शर्मा, पर्वत । | वि.सं. २००३।१२।१ | एम.ए. वि.एल. | २०३०।१२।१ | २०४८।७।१८ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०. | श्री चन्द्र वहादुर कार्की, भक्तपुर । | सन् १९४३ अप्रिल १ | वि.ए. वि.एल. | २०३०।१२।१ | २०४८।७।१८ | |
| २१. | श्री रण वहादुर वम, वैतडी । | वि.सं. २००७।११।५ | एम.ए. वि.एल. | २०३४।३।२० | २०४८।७।१८ | |
| २२. | श्री विष्णु प्रसाद ढकाल, काभ्रेपलान्चोक । | वि.सं. २००१।२।७ | एम.ए. वि.एल. | २०३०।१२।१ | २०४८।७।१८ | |
| २३. | श्री यम नारायण धिताल, दाङ । | सन् १९४३ जनवरी ७ | वि.ए. वि.एल. | २०४८।७।१८ | २०५१।५।१७ | |
| २४. | श्री मोहन प्रकाश सिटौंला,मोरङ । | सन् १९४६ मे २४ | वि.ए. वि.एल | २०४८।७।१८ | २०५१।५।१७ | |
| २५. | श्री अवधेश कुमार यादव, सप्तरी । | वि.सं. २००३।१०।१९ | वि.ए. वि.एल. | २०४८।७।१८ | २०५१।५।१७ | |
| २६. | श्री गिरिश चन्द्र लाल, धनुषा । | वि.स २००७।९।२१ | वि.एस्सी. वि.एल. | २०४८।७।१८ | २०५१।५।१७ | |
| २७. | श्री विश्वनाथ जोशी, कैलालीं । | सन १९५० मे १ | एम.ए. वि.एल. | २०४८।७।१८ | २०५१।५।१७ | |
| २८. | श्री वैद्यनाथ उपाध्याय, महोत्तरी । | वि.स २००८।१०।१ | ए.एस्सी. वि.एल. | २०४८।७।१८ | २०५१।५।१७ | |
| २९. | श्री गोपाल पराजुली, नवलपरासी । | वि.स २०१०।१।१३ | वि.एल. | २०४८।७।१८ | २०५१।५।१७ | |
| ३०. | श्री तर्कराज भट्ट, वैतडी । | सन् १९४९ अगष्ट २२ | एम.ए. वि.एल. | २०४२।१२।५ | २०५१।५।१७ | |
| ३१. | श्री रामजी प्रसाद त्रिपाठी, रुपन्देही । | वि.सं. २००२।३।११ | वि.ए. वि.एल. | २०२८।११।४ | २०५२।४।२३ | |
| ३२. | श्री बुद्धरत्न शाक्य, भोजपुर । | वि.स १९९६।३।१ | एम.ए. वि.एल. | २०३२।३।३१ | २०५२।४।२३ | |
| ३३. | श्री सामन्त सिंह वोगटी, भोजपुर । | सन् १९४१ फरवरी १७ | वि.ए. वि.एल. | २०३०।१२।१ | २०५२।४।२३ | |
| ३४. | श्री धीरेन्द्र बहादुर विष्ट, महेन्द्रनगर | वि.स १९९७।९।२९ | वि.ए. वि.एल. | २०४८।७।२३ | २०५२।४।२३ | |
| ३५. | श्री दिपकराज जोशी, काठमाडौं । | वि.स २०११।६।२४ | वि.एल. | २०४८।७।२३ | २०५२।४।२३ | |
| ३६. | श्री पुरुषोत्तम पराजुली, ललितपुर । | वि.सं. २००५।४।१२ | एम.कम. वि.एल. | २०३०।१२।१ | २०५२।४।२३ | |
| ३७. | श्री दामोदर पुरुष ढकाल, ललितपुर । | वि.स १९९९।१०। | वि.ए. वि.एल. | २०३०।१२।१ | २०५२।४।२३ | |
| ३८. | श्री राजेन्द्रराज पन्त, काठमाडौं । | वि.सं. २००२।१२।१ | एम. ए. वि.एल. | २०३०।१२।१ | २०५२।४।२३ | |
| ३९. | श्री भीमेन्द्र वहादुर कार्की, भोजपुर । | वि.सं. २००३।१०।१० | वि.ए. वि.एल. | २०३०।१२।१ | २०५२।४।२३ | |
| ४०. | श्री ज्ञानेन्द्र वहादुर कार्की, उदयपुर । | सन् १९५० सेप्टेम्वर १३ | एम.ए. वि.एल. | २०३४।१।२७ | २०५२।४।२३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४१. | श्री सोम वहादुर कोइराला, कास्की । | सन् १९४३ अगष्ट ११ | वि.ए. वि.एल. | २०३०।१२।१ | २०५३।१।१ | |
| ४२. | श्री जागेश्वर सुवेदी, प्यूठान । | वि.सं. २००६।१।६ | एम.ए. वि.एल. | २०३४।३।२० | २०५३।१।१ | |
| ४३. | श्री मधुसुदन लाल श्रेष्ठ, काठमाडौं । | सन् १९४४ फरवरी २६ | एम.ए. वि.एल. | २०३४।१।२७ | २०५३।१।१ | |
| ४४. | श्री उद्धव प्रसाद बास्कोटा, काठमाडौं । | सन् १९४६ अप्रिल २ | वि.ए. वि.एल. | २०३४।१।२७ | २०५३।१।१ | |
| ४५. | श्री केशरीराज पण्डित, तनहुं । | सन् १९५० अक्टोबर ८ | एम.कम. वि.एल. | २०४३।३।२० | २०५३।१।१ | |
| ४६. | श्री कृष्ण प्रसाद श्रेष्ठ, भक्तपुर । | सन् १९४५ जनवरी ९ | एम.ए. वि.एल. | २०३०।१२।१ | २०५३।१।१ | |
| ४७. | श्री जगन्नाथ पाठक, कपिलवस्तु । | सन् १९४५ सेप्टेम्वर १ | वि.एस्सी. वि.एल. | २०३४।३।२० | २०५३।१।१ | |
| ४८. | श्री दुर्गा प्रसाद उप्रेती, दोलखा । | सन् १९५१ फरवरी १७ | एम.ए. डि.एल. | २०३४।१।२७ | २०५३।१।१ | |
| ४९. | श्री ओम प्रसाद सुवेदी, तेह्रथुम । | सन् १९५१ नोभेम्वर १७ | एम.ए. वि.एल. | २०३४।१।२७ | २०५३।१।१ | |
| ५० | श्री भुपध्वज अधिकारी, रामेछाप । | सन् १९४७ मार्च ३ | एम.ए. वि.एल. | २०३४।३।२० | २०५३।१।१ | |
| ५१. | श्री विनोद प्रसाद ढुंगेल, काठमाडौं । | वि.सं. २००७।४।२ | एम.कम. वि.एल. | २०३४।३।२० | २०५३।१।१ | |
| ५२. | श्री लक्ष्मणमणि रिसाल, ललितपुर । | सन् १९४७ मे ६ | वि.कम. वि.एल. | २०५२।४।२३ | २०५३।१।१ | |
